# बेलका नगरपालिका

## अल्पकालिन महिला सुरक्षा आवास (संञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१

**कार्यपालिकाबाट स्वकृत मितिः२०८१/११/२९**

**प्रस्तावनाः** नेपालको संविधान, २०७२ को धारा १८ समानताको हक, धारा ३८ महिलाको हकको कार्यान्वयन तथा रक्षार्थ , घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ को दफा (११), घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७, को दफा (९) र (१०) तथा प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७५ को नियम (९) ले दिएको अधिकार प्रयोग गरी घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भई असुरक्षा महसुस गरी आफ्नो घर परिवार र समाजमा रही नियमित जीवनयापन गर्न नसकिरहेको महिला तथा बालिकाहरुलाई तत्काल उद्दार गरी अल्पकालिन रुपमा उनिहरुलाई पूर्ण रुपमा सुरक्षित महसुस गराई आवश्यक पर्ने मनोसामाजिक परामर्श, कानूनी सहायता तथा जीविकोपार्जन सीपका माध्यमबाट पुनःस्थापनका लागि सहयोग गर्न बेलका नगरपालिका, रामपुर, उदयपुरले अल्पकालिन महिला सुरक्षा आवास (संञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ लागु गरेको छ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस निर्देशिकाको नाम "बेलका नगरपालिका, अल्पकालिन महिला सुरक्षावास (संञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका बेलका नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) " अल्पकालिन सुरक्षा आवास" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरुलाई सेवा दिने उदेश्यले संञ्चालन हुने अल्पकालिन सुरक्षा आवास, सेवा केन्द्र वा सोही प्रकारको पुनः स्थापना गृह सम्झनु पर्छ।

(ख) "आश्रित बालबालिका" भन्नाले पीडितको साथमा अल्पकालिन सुरक्षा आवास गृहमा रहेका बालबालिका सम्झनु पर्दछ।

(ग) "ऐन र नियमावली " भन्नाले घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६, घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७ तथा प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ सम्झनु पर्दछ।

(घ) "गृह प्रमुख" भन्नाले अल्पकालिन महिला सुरक्षा आवास गृहको प्रमुख भई कामकाज गर्ने व्यात्ति सम्झनु पर्छ।

(ङ) “अल्पकालिन महिला सुरक्षा आवास गृह” भन्नाले **घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ को दफा (११)** तथा प्रदेस घरेलु हिंसा सम्बन्धी ऐन, २०७५को दफा ५ को उपदफा (२) बमोजिम बेलका नगरपालिकाले संञ्चालनमा ल्याईएको अल्पकालिन महिला सुरक्षा आवास गृह सम्झनु पर्छ।

(च) “नियम” भन्नाले **घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७, र** प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ।

(छ) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कोशी प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) “ कार्यपालिका” भन्नाले बेलका नगरपालिकाको नगरकार्यपालिका भन्ने सम्झनु पर्छ।

(झ) “मनोसामाजिक मनोविमर्शकर्ता” भन्नाले अल्पकालिन सुरक्षा आवास गृहमा कामकाज गर्ने मनोसामाजिक परामर्श सम्बन्धी कम्तीमा ७२० घण्टा वा छ महिनाको तालिम पूरा गरेको व्यात्ति सम्झनु पर्छ।

(ञ) “लैङ्गिक हिंसा” भन्नाले लैङ्गिक आधारमा हुने महिला विरुद्धका हिंसा र ज्यादती सम्झनु पर्छ।

(ट) “घरेलु हिंसा” भन्नाले प्रचलित कानून बमोजिम घरेलु हिंसा भनी तोकिएका कार्यहरु सम्झनु पर्छ।

(ठ) “पीडित” भन्नाले लैङ्गिक र घरेलु हिंसा पीडित महिला तथा बालबालिका सम्झनु पर्छ।

(ड) “वार्डेन” भन्नाले अल्पकालिन महिला सुरक्षा आवास गृहमा रहेका पीडितलाई सुरक्षा आवास गृहमै रही हेरविचार गर्ने व्यात्ति सम्झनु पर्छ।

(ढ) “संञ्चालक समिति” भन्नाले ऐनको दफा ८ बमोजिमको अल्पकालिन सुरक्षा आवास गृह संञ्चालक समिति सम्झनु पर्छ।

(ण) “सेवा” भन्नाले अल्पकालिन सुरक्षा आवास गृहबाट पीडितलाई उपलब्ध गराईने विभिन्न प्रकारका सेवाहरु सम्झनु पर्दछ।

## परिच्छेद-२

## पीडितलाई अल्पकालिन सुरक्षा आवास गृहमा राखिने सम्बन्धी व्यवस्था

**३. अल्पकालिन सुरक्षा आवास गृहमा राखिनेः-** (१) घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भई असुरक्षा महसुस गरी घर तथा समाजमा रहन बस्न नसकिरहेको अवस्थामा वडा कार्यालय, पीडित स्वयम्, समाजसेवी, ईलाका प्रहरी कार्यालय र सामाजिक मनोविमर्शकर्ताको सिफारिसका आधारमा पीडितहरुलाई अल्पकालिन सुरक्षा आवास गृहमा राखी सेवा प्रदान गरिने छ।

(२) उपदफा (१) बमोजिमको अल्पकालिन सुरक्षा आवास गृहमा राखी सेवा प्रदान गर्न नसकिने अवस्थाका पीडितलाई जिल्लाको सुरक्षा आवास गृह वा दीर्घकालिन पुनःस्थापना गृहमा पठाउँदा देहाय बमोजिमको समितिले सिफारिस गर्नुपर्नेछः-

(क) नगरपालिकाको नगर उपप्रमुखः - संयोजक

(ख) ईलाका प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेलको प्रमुख - सदस्य

(ग) सम्बन्धित अल्पकालिन सुरक्षा आवास प्रमुख/सदस्य सचिव -सदस्य

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) संञ्चालन भएका अस्पतालको सिफारिसका आधारमा समेत पीडितलाई अल्पकालिन आश्रयस्थल गृहमा राख्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तह तथा अल्पकालिन सुरक्षा आवासबाट सिफारिस गरी पीडितलाई दीर्घकालिन पुनःस्थापना गृहमा पठाँउदा अनुसूची-१ बमोजिमको ढाँचामा पीडितको पहिचान तथा प्रमाणीकरण फाराम भरी उपदफा (२) बमोजिमको समितिको सिफारिस प्रतिवेदनका साथै पीडितसँग सम्बन्धित अन्य सम्पूर्ण कागजातहरु पठाउनुपर्नेछ।

(५) पुनःस्थापना गृहमा पीडितलाई बुझाईसकेपछि बुझाउने र बुझ्ने पक्षले अनुसूची-२ बमोजिमको ढाँचामा कागज गरी पीडितलाई बुझाउन लिएर आउने पीडितको नजिकको संरक्षक वा अल्पकालिन सुरक्षा आवासको प्रतिनिधिलाई एक प्रति बुझाउनुपर्नेछ।

**(४) पीडितको पुनःस्थापना सम्बन्धी व्यवस्थाः-** (१) अल्पकालिन महिला सुरक्षा आवास गृहमा रहेका पीडितलाई वढिमा ४५ दिनभित्रमा पुनःस्थापना वा दीर्घकालिन पुनःस्थापना गृहमा रेफर गरिसक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र पुनःस्थापना गर्न नसकिएको पीडितलाई जिल्ला सुरक्षा आवास अथवा दीर्घकालसम्म सुरक्षावासमा राख्नु पर्ने अवस्थाको पीडितलाई दफा ३ (१) बमोजिमको सिफारिस समितिको सिफारिसका आधारमा दीर्घकालिन पुनःस्थापना गृहमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम पीडितलाई पुनःस्थापना गर्दा पुनःस्थापना गृहबाटै पुनःस्थापना गरिएको अवस्थामा स्थानीय प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरिक्षक/प्रतिनिधि दर्जाका प्रहरी

कर्मचारी तथा पीडितको घर ठेगानामै गई पुनःस्थापना गरिएको अवस्थामा सम्बन्धित वडाको वडाअध्यक्ष/सदस्यको रोहवरमा पुनःस्थापना गर्नुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम पीडितलाई पुनःस्थापना गर्नुअघि जीविकोपार्जनका लागी महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र उधम विकास शाखासँगको संमन्वयमा आवश्यक सीप तालिम प्रदान गरिनेछ।

(५) उपदफा (३) बमोजिमको सीप विकास तालिमको प्रकार, अवधि तथा तालिम लिने पीडितहरुको छनौट सम्बन्धी व्यवस्था संञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(६) उपदफा (१) र (२) बमोजिमको अवधी पुगी पीडितलाई पुनःस्थापना गर्दा नजिकको संरक्षकलाई अनुसूची-३ बमोजिमको ढाँचामा बुझिलिएको कागज गराउनुपर्नेछ।

## परिच्छेद-३

## अल्पकालिन सुरक्षा आवास गृहबाट प्रदान गरिने सेवा सम्बन्धी व्यवस्था

५. सुरक्षित आवास सुविधा पाउनेः- अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितले देहाय बमोजिमको सुरक्षित परिसर सहितको सुविधासम्पन्न आवास सुविधा प्राप्त गर्नेछन्ः-

(क) कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारवारले घेरिएको आबागमन नियन्त्रण गर्न सक्ने बलियो प्रवेशद्धार भएको सुरक्षाका दृष्टीकोणले उपयुक्त परिसर,

(ख) पर्याप्त हावाको आवतजावत हुने कोठाहरु,

(ग) प्रत्येक पीडितका लागि दरी वा कम्मल, डसना, तकिया, सिरक, झुल आदि समेत गरी एक-एक थान ओड्ने ओछ्याउने सहितको छुट्टाछुट्टै वेड,

(घ) मनोरञ्जन, अन्तर्क्रियाका र आमोदप्रमोदका लागि टेलिभिजन सहितको बैठक कक्ष,

(ङ) शौचालय तथा स्नान कक्ष,

(च) आवश्यकता अनुसार पङ्खा,

(छ) पर्याप्त पिउने पानी,

(ज) नुवाईधुवाई, सरसफाईका लागि सामाग्री, भाँडाकुँडा, कुचो, फोरहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी इत्यादि,

(झ) सुरक्षा व्यवस्थापनका लागि पालो पहरा।

६. **लत्ताकपडाको सुविधा पाउनेः-** अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडित र निजको आश्रित बालबालिकाले देहाय बमोजिम लत्ताकपडाको सुविधा प्राप्त गर्नेछन्ः-

(क) पीडितलाई बस्नका निमित्त बिछ्यौना लगायत मौसम अनुसारको कपडा सेटको व्यवस्था गरिनेछ र उक्त सेट अन्तर्गत डस्ना, सिरक, तन्ना र सिरानी जस्ता कपडाहरु,

(ख) पीडितको आवश्यकतालाई मध्येनजर गर्दै मौसम अनुसारको प्रतिव्याक्ति रु.एक हजार पाँचसय रुपैया दरले आवश्यक कपडाहरु,

(ग) जाडो मौसममा स्वेटर, ज्याकेट, टोपी, लगायतका न्याना कपडाको लागि प्रतिब्याक्ति थप रु. दुई हजार पाँचसय रुपैयाँ,

(घ) सुरक्षा आवास गृह प्रमुखले सिफारिस गरे बमोजिम सावुन, स्याम्पु, ब्रस मञ्जन लगायतका दैनिक अत्यावश्यकीय कुराहरु।

७. **दैनिक खाना र खाजाको सुविधा पाउने:** अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडित र निजका आश्रित बालबालिकाले प्रतिव्याक्ति दैनिक तीनसय रुपैयाँका दरले देहाय बमोजिम खाना र खाजाको सुविधा प्राप्त गर्नेछनः-

(क) विहान चियासँगै हल्का खाजा,

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजासँगै चिया,

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि हप्ताको दुईपटक माछामासु तथा शाकाहारीका हकमा च्याउ, पनिर, दुध, दही, फलफूल इत्यादी।

८. **विशेष अवस्थाका पीडितलाई विशेष सुविधा:-** अल्पकालिन सुरक्षा आवास गृहमा रहेका विशेष अवस्थाका पीडितले निजहरुलाई आवश्यक पर्ने अतिरिक्त पौष्टिक तथा पोसिलो खानेकुरा वापतको लागि दफा ७ बमोजिमको सुविधाको अतिरिक्त देहाय बमोजिम थप सुविधा प्राप्त गर्नेछनः-

(क) गर्भवती तथा सुत्केरी महिलाले सुत्केरी भएको पैतालिस दिनसम्म दैनिक एकसय रुपैंया,

(ख) विरामी भई उपचाररत पीडितले उपचार अवधिका लागि दैनिक एकसय रुपैंया,

(ग) २ वर्षमुनिका बालबालिका तथा पोषण नपुगेका आश्रित बालबालिकालाई दैनिक एकसय रुपैंया।

९. **स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था:-** (१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितले एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) संञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार सेवा पाउने छन्।भने पालिकामा संञ्चालित नगरअस्पतालमा पनि उपचार गराउने व्यवस्था हुनेछ।

(२) उपदफा (१) बमोजिम एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) संञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार हुन नसकेका पीडितको थप उपचार सम्बन्धी व्यवस्था संञ्चालक समितिले

निर्णय गरे बमोजिम हुनेछ।

१०. **मनोसामाजिक मनोविमर्श सेवा सम्बन्धी व्यवस्थाः-** (१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितले एकजना मनोसामाजिक मनोविमर्शकर्ताबाट पीडितको व्याक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था गरी पीडितको आवश्यकताको आधारमा मनोसामाजिक मनोविमर्श सेवा पाउनेछन्ः-

(२) उपदफा (१) बमोजिम मनोसामाजिक मनोविमर्श सेवा दिइसकेपछि सेवा दिने मनोसामाजिक मनोविमर्शकर्ताले अनुसूची-४ बमोजिमको ढाँचामा मनोसामाजिक मनोविमर्श लेखाजोखा फाराम भरी गृह प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको मनोसामाजिक मनोविमर्शकर्ताको सेवाको दर संञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

११. **कानूनी परामर्श सेवा सम्बन्धी व्यवस्थाः-** (१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितले आवश्यकता अनुसारको निशुल्क कानूनी परामर्श सेवा पाउने छन्।

(२) उपदफा (१) बमोजिम कानूनी परामर्श सेवा दिइसकेपछि सेवा दिने व्याक्ति वा व्यवसायीले अनुसूची-५ बमोजिमको ढाँचामा कानूनी परामर्श फाराम भरी गृह प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

१२. **आश्रित बालबालिकालाई राख्ने व्यवस्थाः-** (१) पीडितसँगै रहेका सात वर्षमुनिका आश्रित बालबालिकालाई अल्पकालिन सुरक्षा आवास गृहमा राख्न सकिनेछ।

(२) सात वर्ष उमेर पूरा गरेका आश्रित बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाइनेछ। नजिकको संरक्षक कोही फेला नपरेमा संस्थागत स्याहारको लागि पठाईनेछ।

(४) उपदफा (२) बमोजिम बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाँउदा वा संस्थागत स्याहारको लागि पठाउँदा अनुसूची-६ बमोजिमको ढाँचामा कागज गराई बुझ्नु बुझाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमका आश्रित बालबालिकाको प्रारम्भिक बाल शिक्षाको व्यवस्था सुरक्षा आवास गृहबाट गरिनेछ।

१३. **पीडितको शिक्षा सम्बन्धी व्यवस्थाः-** (१) विद्यालय शिक्षा अध्ययन गरिरहेका पीडितको शिक्षादिक्षाको यथोचित प्रवन्ध अल्पकालिन सुरक्षा आवास गृहबाट हुनेछ।

(२) अल्पकालिन सुरक्षा आवास गृहमा आउनु भन्दा पहिले नै विद्यालय भर्ना भई अध्ययन गरिरहेका पीडितलाई सम्भव भएमा निज अध्ययन गरिरहेको विद्यालयमा परिक्षा दिने व्यवस्था मिलाई अल्पकालिन सुरक्षा आवास गृहमा नै शिक्षिका बोलाई पठनपाठनको आवश्यक व्यवस्था मिलाइनेछ।

(३) पीडितको पठनपाठन सम्बन्धी कार्यका लागि संञ्चालक समितिको निर्णय बमोजिम नजिकको कुनै विद्यालयसँग सम्झौता गर्न सकिनेछ।

(४) विद्यालय भर्ना भएका पीडितलाई किताव, कापी, कलम लगायतका शैक्षिक सामाग्री

हरु उपलब्ध गराइनेछ।

**१४. पीडितको नजिकको संरक्षकलाई अल्पकालिन सुरक्षा आवास गृहमा रहन दिने सम्बन्धी व्यवस्थाः-** (१) पीडितको मानसिक अवस्था हेरी मनोसामाजिक मनोविमर्शकर्ताको सिफारिसमा संञ्चालक समितिको निर्णय बमोजिम पीडितले रोजेको निजको नजिकको महिला संरक्षकलाई निश्चित समय सम्मको लागि अल्पकालिन सुरक्षा आवास गृहमा पीडितसँगै रहन दिन सकिनेछ।

(२) सञ्चालक समितिबाट तोकिएको समयावधी पुरा भएको अवस्थामा समेत आवश्यकता अनुसार पीडितको अवस्था हेरी मनोसामाजिक मनोविमर्शकर्ताको सिफारिसमा पुनः निश्चित समयसम्मको लागि संञ्चालक समितको निर्णय बमोजिम उपदफा (१) बमोजिमको महिला संरक्षकलाई सुरक्षा आवास गृहमा पीडितसँगै रहन दिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम पीडितसँगै सुरक्षा आवास गृहमा रहेकी महिला संरक्षकलाई दफा ७ बमोजिम दैनिक खाना र खाजाको सुविधा उपलब्ध गराइनेछ।

## परिच्छेद-४

## सञ्चालक समिति, गृह प्रमुख तथा वार्डेनको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**१५. सञ्चालक समिति तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः_**(१) अल्पकालिन सुरक्षा आवास गृहको सञ्चालन व्यवस्थापनका लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहेको छः-

(क) बेलका नगरपालिकाको नगर उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कानुनी सल्लाहकार - सदस्य

(घ) आर्थिक प्रशासन/लेखा शाखा प्रमुख -सदस्य

(ङ) शिक्षा, स्वास्थ्य, नगर अस्पतालको प्रमुख (३)जना - सदस्य

(च) ईलाका प्रहरी कार्यालय प्रमुख/प्रतिनिधि - सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(ज) सूचिकृत मनोसामाजिक मनोविमर्शकर्ता - सदस्य

(झ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्य-सचिव

आवश्यकता अनुसार आमन्त्रित सदस्यलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(२) यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त संञ्चालक समितिको काम,

कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अल्पकालिन सुरक्षा आवास गृहको आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी नगरकार्यपालिकामा पेश गर्ने,

(ख) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितहरुलाई दिईने रोजगारमुलक सिप विकास तालिमको आवश्यकता पहिचान गरी सो को मापदण्ड र कार्यविधि तयार गर्ने,

(ग) अल्पकालिन सुरक्षा आवास गृहको निर्माण, मर्मत सम्भार लगायतका कार्यमा आवश्यक निर्देशन दिने,

(घ) अल्पकालिन सुरक्षा आवास गृह र गृहको काम कारवाहीको वारेमा चौमासिक रुपमा मूंल्याङ्कन र समिक्षा गरी प्रवाह गरिएको सेवा सुविधाको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा कार्यपालिका तथा प्रदेश सामाजिक विकास मन्त्रालय समक्ष सुझाव, सिफारिस र पृष्ठपोषण प्रदान गर्ने,

(ङ) अल्पकालिन सुरक्षा आवास गृहमा कार्यरत कर्मचारीहरुको कामको सम्बन्धमा समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने।

१६. **गृह प्रमुखको काम, कर्तव्य र अधिकारः-**_(१) अल्पकालिन सुरक्षा आवास गृहको प्रमुख भई दैनिक प्रशासनिक कार्यको सञ्चालन र व्यवस्थापन गर्न पालिकाले तोकेको एक गृह प्रमुख रहने छन्।

(२) गृह प्रमुखको रुपमा अल्पकालिन सुरक्षा आवास गृहको प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालय प्रमुखको रुपमा अल्पकालिन सुरक्षा आवास गृहको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) पालिका तथा सञ्चालक समितिबाट अल्पकालिन सुरक्षा आवास गृहको लागि भएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) सञ्चालक समितिलाई अल्पकालिन सुरक्षा आवास गृहको आवश्यक बजेट कार्यक्रम र योजना तर्जुमा गरी पालिका र सामाजिक विकास मन्त्रालय समक्ष पेश गर्न सहजीकरण गर्ने,

(घ) सञ्चालक समितिको निर्णय बमोजिम अन्य निकाय तथा संघ संस्थासँग सहकार्य गरिने कुनै कामका सम्बन्धमा अल्पकालिन सुरक्षा आवास गृहको तर्फबाट सम्झौता गर्ने,

(ङ) मासिक प्रतिवेदन तयार गरी नगरकार्यपालिकामा र सञ्चालक समिति समक्ष पेश गर्ने,

(च) नगरपालिका तथा सञ्चालक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने गराउने।

१७. वार्डेनको काम, कर्तव्य र अधिकारः- (१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितलाई सुरक्षा आवास गृहमै रही हेरविचार गर्न पालिकाले तोकेको एक वार्डेन रहने छन्।

(२) वार्डेनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गृह प्रमुखको प्रत्यक्ष निर्देशनमा रही पीडितको हेरविचार गर्ने,

(ख) पीडितको लागि खानपिनको व्यवस्थापन गर्ने

(ग) पीडितले प्राप्त गर्ने सेवा प्रवाहमा गृह प्रमुखलाई सहजीकरण गर्ने,

(घ) पीडितको स्वास्थ्य अवस्थाको ख्याल गरी प्रतिकूलता आइपरेको स्थितिमा गृह प्रमुखलाई खवर गरी अस्पताल लैजान बन्दोबस्ती गर्ने,

(ङ) मनोविमर्शकर्ताको सेवा आवश्यक भएका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी दिने,

(च) कानूनी सेवा आवश्यक भएका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी दिने,

(छ) विद्यालय जाने उमेरका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी गराई पठनपाठनको लागि आवश्यक सहजीकरण गर्ने,

(ज) पीडितको अभिलेख कितावमा पीडितहरुको अभिलेख गर्ने,

(झ) मासिक प्रतिवेदन तयार गरी गृह प्रमुख समक्ष पेश गर्ने,

(ञ) गृह प्रमुखको अनुपस्थितिमा सुरक्षा आवास गृहको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ट) गृह प्रमुख, सञ्चालक समिति तथा पालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

१८. **अल्पकालिन सुरक्षा आवास गृहको निम्ति आवश्यक अन्य मानव जनशक्ति सम्बन्धी व्यवस्थाः-** (१) अल्पकालिन सुरक्षा आवास गृह सञ्चालन तथा परिचालनका लागि दफा १७ र १८ बमोजिमको मानव जनशक्तिको अतिरिक्त देहाय अनुसारको मानव जनशक्ति रहेनछः-

(क) पीडितलाई सामाजिक मनोविमर्श सेवा प्रदान गर्नका लागि मनोविमर्शकर्ताहरुलाई सूचिकृत हुन आह्वान गरी सूचिकृत मनोविमर्शकर्ता मार्फत मनोसामाजिक, मनोविमर्श सेवा उपलब्ध गराईनेछ।

(ख) कम्तीमा एकजना महिला नगरप्रहरी जसले राती र दिनमा सेवा पुर्याउने व्यवस्था गर्नेछ। महिला नगरप्रहरीको व्यवस्था नगरकार्यपालिकाले गर्नेछ भने अल्पकालिन सुरक्षा आवास गृहमा कार्यरत महिला

नगरप्रहरीको लागि सेवा सुविधा सम्बन्धी व्यवस्था सुरक्षा आवास सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(ग) सुरक्षावासको सरसफाईको लागि र खाना पकाउने भान्से एकजना कार्यालय सहयोगीको व्यवस्था नगरपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अल्पकालिन सुरक्षा आवास गृहमा रहने मानवश्रोतको काम, कर्तव्य र अधिकार अनुसूची-७ मा उल्लेख गरिएको छ।

## परिच्छेद-५
## विविध

**१९. पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्थाः-** (१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितहरुलाई समय समयमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम भेटघाट तथा पारिवारिक पुनर्मिलनको अवसर प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पुनर्मिलनको अवसर प्रदान गरिँदा पीडितको परिवारका सदस्यहरुलाई अल्पकालिन सुरक्षा आवास गृहमै वा आवश्यकता अनुसार निश्चित समय सम्मका लागि पीडितको घरमै परिवारको सदस्यको जिम्मा लगाइ लैजान दिइनेछ।

(३) उपदफा (२) बमोजिम पीडितको परिवारको सदस्यको जिम्मामा पारिवारिक पुनर्मिलनका घरमा पठाँउदा र घरबाट सुरक्षा आवास गृहमा पुनः पीडितको जिम्मा बुझ्दा अनुसूची-८ बमोजिमको ढाँचामा कागज गराइ बुझ्नु बुझाउनु पर्नेछ।

(४) पारिवारिक पुनर्मिलनको लागि पीडितलाई लैजाँदा तथा ल्याउँदा पीडित तथा निजको पारिवारिको सदस्यको लागि लाग्ने यातायात तथा खानपिनको खर्च पीडितको परिवारको सदस्यबाटै व्यहोर्नुपर्नेछ।

**२०. आगन्तुकलाई अवलोकनका लागि प्रवेश गर्न दिने व्यवस्थाः-**_(१) अल्पकालिन सुरक्षा आवास गृहको

अवलोकन गर्न चाहने पत्रकार, अनुसन्धानकर्ता लगायतका आगन्तुकलाई सञ्चालक समितिले तोकेको समयभित्र गृह प्रमुखको स्वीकृतिमा सुरक्षा आवास गृहको अवलोकन गर्न दिइनेछ।

(२) उपदफा (१) बमोजिम अवलोकनका लागि आउने आगन्तुकहरुले गृह प्रमुखको स्वीकृति बाहेक क्यामेरा, मोबाइल वा अन्य उपकरणबाट पीडितहरुको फोटो खिच्न वा निजहरुसँग गरेको कुराकानीको रेकर्ड गर्न पाउनेछैनन्।

(३) उपदफा (१) बमोजिम अवलोकनका लागी आउने आगन्तुकलाई अनुसूची-९ बमोजिमको कागजमा हस्ताक्षर गराउनुपर्नेछ।

२१. **पीडितको अभिलेख राख्नेः**-(१) अल्पकालिन सुरक्षा आवास गृहमा रहेका पीडितको अभिलेख व्यवस्थाका लागि प्रत्येक वर्ष अनुसूची-९ बमोजिमको विभिन्न कितावहरु खडा गरी गृह प्रमुखबाट प्रमाणीकरण गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अल्पकालिन सुरक्षा आवास गृहले अनुसूची-१० मा उल्लेख भए बाहेकका आवश्यकता अनुसारका अन्य अभिलेख संञ्चालक समितिबाट निर्णय गराइ खडा गर्न सक्नेछ।

(३) अल्पकालिन सुरक्षा आवास गृहले अभिलेख प्रायोजनका लागि प्रत्येक पीडितको फरक फरक फायल खडा गरी राख्नु पर्नेछ।

२२. **जिन्सी सामान स्वीकार गर्न सक्नेः**- नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले अल्पकालिन सुरक्षा आवास गृहमा आश्रय लिइरहेका पीडितका लागि आवश्यक पर्ने नगद बाहेक लत्ता कपडा, खाध्यान्न तथा अन्य सामाग्रीहरु प्रदान गर्न चाहेमा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी नगरपालिकाको सहमतिमा सञ्चालक समितिले निर्णय गरी उक्त सामाग्रीहरु स्वीकार गर्न सक्नेछ।

२३. **मासिक र वार्षिक प्रतिवेदनः** (१) अल्पकालिन सुरक्षा आवास गृहले प्रत्येक महिनाको पहिलो हप्ताभित्र उक्त महिना भरी आफूले गरेका कार्यहरुको विस्तृत विवरण भरी मासिक प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरी सो को वोधार्थ नगरपालिकालाई र प्रदेश सामाजिक विकास मन्त्रालयलाई पठाउनु पर्नेछ।

(२) सुरक्षा आवास गृहले वर्षभरी गरेका कार्यहरुको विस्तृत विवरण भरी प्रत्येक आ.व. समाप्त भएको मितिले पन्ध्र दिनभित्र वार्षिक प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरी सो को वोधार्थ मन्त्रालयलाई

समेत पठाउनु पर्नेछ।

(३) मासिक र वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची-११ बमोजिम हुनेछ।

(४) सञ्चालक समितिले उपदफा (२) बमोजिमको अल्पकालिन सुरक्षा आवास गृहबाट प्राप्त भएको वार्षिक प्रतिवेदनलाई समेत आधार मानी सुरक्षा आवास गृहले गरेका कार्यहरुको सम्बन्धमा प्रत्येक आ.व.

समाप्त भएको मितिले दुई महिनाभित्र देहायका कुराहरु खुलाई सुझाव सहितको वार्षिक प्रतिवेदन तयार गरी नगरसभामा नगरप्रमुख समक्ष पेश गर्नुपर्नेछः-

(क) अल्पकालिन सुरक्षा आवास गृहको वार्षिक बजेट, कार्यक्रम तथा योजना कार्यन्वयनको अवस्था,

(ख) वर्षभरी सुरक्षा आवास गृहमा आश्रय लिई वसेका पीडितको संख्या, प्रकार र निजहरुको पुनः स्थापना सम्बन्धी विवरण,

(ग) पीडितलाई एकवर्ष भरिमा प्रदान गरिएको रोजगारमूलक सीप विकास तालिमको विवरण,

(घ) सुरक्षा आवास गृहको अनुगमन र मूल्याङ्कन गरी सो को प्रभावकारी कार्यान्वयनको लागि सुझाव सहितको विवरण,

(ङ) अन्य आवश्यक कुराहरु।

२४. <u>**खाता सञ्चालन सम्बन्धी व्यवस्थाः**</u> अल्पकालिन सुरक्षा आवास गृहको खाता संञ्चालन प्रमुख प्रशासकीय अधिकृत र नगरकार्यपालिकाको सम्बन्धित आर्थिक प्रशासन शाखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

२५. <u>**लेखा र लेखा परीक्षणः**</u> अल्पकालिन सुरक्षा आवास गृहको आय व्ययको लेखा प्रचलित कानून बमोजिम

राखिनेछ।

(२) अल्पकालिन सुरक्षा आवास गृहको आन्तरिक लेखा परीक्षण पालिकाबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

२६. <u>**सञ्चालक समिति समक्ष जानकारी गराउनुपर्नेः**</u> सुरक्षा आवास गृहका लागि विनियोजित बजेटबाट भएको खर्चको सम्बन्धमा सञ्चालक समितिको बैठक समक्ष चौमासिक रुपमा जानकारी गराउनु पर्नेछ।

२७. <u>**सञ्चालक समितिको बैठकः**</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैठकमा भाग लिने सञ्चालकहरुले प्रतिबैठक एक हजार , पाँचसय रुपैंयाका दरले बैठक भत्ता प्राप्त गर्नेछन।

(३) उपदफा (२) बमोजिमको बैठक भत्ता एक महिनामा अधिकतम तीनवटा बैठक सम्मको लागि

मात्रै दिइनेछ।

२८. **<u>छाप र लेटरप्याड सम्बन्धमाः</u>** अल्पकालिन सुरक्षा आवास गृहको छाप र लेटरप्याडको नमुना अनुसूची- १२ बमोजिम हुनेछ।

२९. **<u>बाधा अड्काउ फुकाउः</u>** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा ऐन, नियम तथा प्रचलित कानूनको विपरित नहुने गरी नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

३०. **<u>संशोधन, खारेजी तथा बचाउः</u>** (१) यस निर्देशिकालाई आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार बेलका नगरकार्यपालिकालाई रहेको छ।

(२) बेलका नगरपालिका महिला सुरक्षा आवास सञ्चालक निर्देशिका, २०७७ खारेज गरिएको छ।

(३) उपदफा (२) बमोजिम खारेज भएको बेलका नगरपालिका महिला सुरक्षा आवास संञ्चालन निर्देशिका, २०७७ बमोजिम अल्पकालिन सुरक्षा आवास गृहको व्यवस्थापन सम्बन्धमा यस अघि भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

## अनुसूची-१
## (दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

### पीडितको पहिचान तथा प्रमाणीकरण फाराम

क. पीडित/ प्रभावितको परिचयः-

१. नाम थरः- ठेगानाः-

२. जन्ममिति हालको उमेरः-

३.धर्मः- शैक्षिक अवस्थाः-

४.आमाको नाम, स्थायी ठेगाना र पेशाः-

५.बुवाको नाम, स्थायी ठेगाना र पेशाः-

६.विवाहित/अविवाहित( विवाहित भए पतिको नामः-

७.पीडकसँगको नाता (नाता लाग्ने भए)-

८.अल्पकालिन सुरक्षा आवास गृहमा आएको मितिः

९.अल्पकालिन सुरक्षा आवास गृहमा आएको माध्यमः-

१०.उद्धार गरिएको स्थानः-

ख. पीडिकको परिचयः-

१. नामथरः- ठेगानाः-

२. जन्ममितिः- हालको उमेरः-

३. पीडितसँगको नाता सम्बन्धः- शैक्षिक अवस्थाः-

४. आमाको नाम, स्थायी ठेगाना र पेशाः-

५. बुवाको नाम, स्थायी ठेगाना र पेशाः-

६. विवाहित/अविवाहित( विवाहित भए पतिको नामः

ग. पीडितसँग सम्बन्धित घटनाको सम्पूर्ण विवरण (सुरु देखी हाल सम्म भोगेका हिंसाजन्य कुराहरुको फेहरिस्त, स्थान र मिति समेत खुलाएर)

..............................................................................................................................

..............................................................................................................................

.............................................................................................................................

घ. पीडितको हालको अवस्थाः-

ङ. अल्पकालिन सुरक्षा आवासबाट रेफर गर्नुपर्ने अवस्था भए त्यसको कारणः-

च. पीडितको सम्बन्धमा अन्य केही विशेष कुरा भए खुलाउनेः-

यस अल्पकालिन महिला सुरक्षा आवास गृहमा जानकारी भएसम्मका पीडितका सम्बन्धमा माथि उल्लिखित विवरण ठिक साँचो हो, झुटा ठहरिए कानून बमोजिम सँहुला बुझाउँला भनी सहीछाप गर्नेः-

पीडित/ प्रभावितको

सहीछापः-

नामथरः

ठेगानाः

मितिः

अल्पकालिन सुरक्षा आवास गृह प्रमुखको

सहीछापः-

नामथरः-

पदः-

कार्यालयको छापः

मितिः

## अनुसूची-२
## (दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

**अल्पकालिन सुरक्षा आवास गृह/दीर्घकालिन पुनःस्थापना गृहमा पीडितलाई जिम्मा लिए/लगाएको कागज**

आज मिति................गतेका दिन .................जिल्ला ..................गा.पा./न.पा./ उ.म.न.पा./म.न.पा. वडा नं........... घर भइ हाल ..........................मा वसोवास गर्ने वर्ष ................की ...........................
लाई बेलका नगरपालिका अल्पकालिन सुरक्षा आवास/दीर्घकालिन पुनःस्थापना गृहमा संरक्षणका लागि निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरु सहित बुझाएको/बुझिलिएको कुरा ठिक साँचो हो।

पीडितलाई बुझाउने/ अल्पकालिन सुरक्षा आवासका प्रतिनिधि/जनप्रतिनिधि/ सुरक्षाकर्मी/स्थानीय तहको सिफारिस भए ’पीडितलाई लिएर आउने व्यक्तिको

नामः-

पदः-

स्थायी ठेगानाः-

हस्ताक्षरः-

पीडितलाई बुझिलिने अल्पकालिन/दीर्घकालिन सुरक्षा आवास गृहको तर्फबाट

नाम थरः

पदः गृह प्रमुख

हस्ताक्षरः

कार्यालयको छापः-

रोहवर (पीडितको नजिकको संरक्षक)-

नामथरः-

स्थायी ठेगानाः-

पीडितसँगको नाताः-

हस्ताक्षरः-

रोहवरः-

नामथरः-

पदः वार्डेन

हस्ताक्षर

## अनुसूची-३

## (दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

## पीडितलाई पुनःस्थापना/रेफर गरिएको कागज

आज मिति.......................... गतेका दिन..................जिल्ला ..................गा.पा/न.पा./ उ.म.न.पा./ म.न.पा. वडा नं............ घर भइ मिति.................देखी बेलका नगरपालिकाद्धारा सञ्चालित अल्पकालिन सुरक्षा आवास गृहमा आश्रय लिइ बसिरहनु भएकी वर्ष..........की .......................लाई आजैका मितिबाट सामाजिक पुनःस्थापना गर्ने प्रायोजनका लागि निजसँग सम्बन्धित सम्पूर्ण कागजातहरु सहित निजको संरक्षकको जिम्मा लगाइ पठाइएको छ।

पीडितलाई जिम्मा बुझाउने गृह प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

उल्लिखित बमोजिम मेरो.........नाता पर्ने पीडित..................लाई अल्पकालिन सुरक्षा आवास गृह/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुनःस्थापना प्रायोजनका लागि आजैका मितिबाट जिम्मा बुझेको कुरा ठिक साँचो हो।

पीडितलाई जिम्मा लिने नजिकको संरक्षकको नामथरः

उमेरः

स्थायी ठेगानाः

हस्ताक्षरः

## रोहवर

उल्लिखित बमोजिम पीडित..............लाई अल्पकालिन सुरक्षा आवास गृह/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुनःस्थापना प्रायोजनका लागि आजैका मितिबाट मेरो रोहवरमा नजिकको संरक्षकको जिम्मा लगाएको कुरा ठिक साँचो हो।

रोहवर बस्ने व्याक्तिको नामथरः

स्थायी ठेगानाः

पदः

कार्यालयः

हस्ताक्षरः

## अनुसूची-४
### (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

### मनोसामाजिक मनोविमर्श लेखाजोखा फाराम

१. पीडितको नाम वा कोड नः

२. उमेरः

३. पीडितको पहिलो पटकको अवलोकनबाट देखिएको शारिरीक र मानसिक अवस्थाः

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

४. समस्या तथा गुनासाहरुः

......................................................................................................................

......................................................................................................................

......................................................................................................................

५. पीडितलाई दिइएको मनोविमर्शको व्यहोराः

......................................................................................................................

......................................................................................................................

६. अघिल्लो पटकको मनोविमर्शसबाट पीडितमा आएको परिवर्तनः

......................................................................................................................

......................................................................................................................

७. मनोविमर्शकर्ताको सुझावः

......................................................................................................................

......................................................................................................................

मनोविमर्शकर्ताको नामथरः

स्थायी ठेगानाः

हस्ताक्षरः

मितिः

## अनुसूची-५

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

<u>पीडितलाई दिइएको कानूनी परामर्श सम्बन्धी विवरण</u>

१. पीडितको नाम वा कोड नः-

२. उमेरः

३. पीडितका कानूनी समस्या तथा गुनासाहरुः

.............................................................................................................................................
.........................................................................................................................................

४. पीडितलाई दिइएको कानुनी परामर्शको व्यहोराः

.............................................................................................................................................
........................................................................................................................................

५. कानूनी परामर्श दिनेको व्याक्तिको सुझावः

.............................................................................................................................................
.........................................................................................................................................

कानूनी परामर्श दिने व्याक्तिको नामथरः

पदः

हस्ताक्षरः

मितिः

## अनुसूची-६

### (दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

### दीर्घकालीन पुनःस्थापना गृहबाट आश्रित बालबालिकाको जिम्मा बुझे/बुझाएको कागज

आज मिति...............गतेका दिन................जिल्ला...................गा.पा./न.पा./ उ.म.न.पा./म.न.पा. वडा नं...............घर भइ हाल ..............मा बसोवास गर्ने वर्ष..............की........................का छोरा/छोरी वर्ष..........का/की....................लाई बेलका नगरपालिकाद्धारा सञ्चालित अल्पकालिन सुरक्षा आवास गृहबाट परिवारको संरक्षणमा रहने गरी/संस्थागत स्याहारमा रहने गरी निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरु सहित बुझिलिएको कुरा ठिक साँचो हो।

बालबालिकालाई बुझाउने अल्पकालिन सुरक्षा आवास गृहको तर्फबाटः

नामथरः
पदः गृह प्रमुख
कार्यालयः बेलका नगरपालिका अल्पकालिन सुरक्षा आवास गृह, रामपुर, उदयपुर,नेपाल।
हस्ताक्षरः

बालबालिकालाई बुझिलिने नजिकको संरक्षकको

नाम थरः

स्थायी ठेगानाः

बालबालिकासँग निजको नाताः

हस्ताक्षरः

वा

बालबालिकालाई संस्थागत स्याहारका लागि बुझिलिने संस्थाको तर्फबाटः

पदः
कार्यालयः
हस्ताक्षर

रोहवरः

नामथरः
पदः वार्डेन
कार्यालयः अल्पकालिन सुरक्षा आवास गृह बेलका नगरपालिका, रामपुर, उदयपुर, नेपाल।
हस्तआक्षर

रोहवरः

नामथरः
स्थायी ठेगानाः
बालबालिकासँग नाता पर्ने भए नाताः
हस्ताक्षरः

## अनुसूची -७

## सुरक्षा आवासमा रहने अन्य मानवश्रोतको कार्यविवरण

(क) मनोसामाजिक विमर्शकर्ता

- सुरक्षा आवासमा आएका पीडित व्यक्तिलाई दैनिक वा आवश्यकता अनुसार मनोविमर्श सेवा उपलव्ध गराउनु पर्नेछ।
- मनोविमर्श गर्दा अवस्था हेरी प्रभावितको परिवारको सदस्यलाई व्याक्तिगत एंव सामुहिक सेवा दिने।
- प्रभावितको नाममा ब्याक्तिगत फाईल फाईल खडा गर्ने गराउने। यसरी खडा गरिएको फाईलमा नियमित रुपमा मानसिक स्वास्थ्य परीक्षण कागजातको अभिलेख अद्यावधिक गर्दै जानुपर्छ। मनोसामाजिक विमर्शको सेवा दिदै निजले कस्तो समाधानको उपाय देख्दछ त्यसको आधारमा कार्ययोजना तयार गर्दै जानु पर्छ।
- मनोविमर्शको छुट्टै अभिलेख फाईल खडा गर्ने तथा मनोविमर्श सेवाको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ख) नगरप्रहरी

- सुरक्षा आवास सुरक्षा गर्ने र वार्डेनले दिएको जिम्मेवारी पुरा गर्ने
- सुरक्षा कार्ययोजना एंव समय तालिका बनाउने र सुरक्षा निकायसंग समन्वय एंव सहकार्य गर्ने।

(ग) कार्यालय सहयोगी/ भान्से

- दैनिक खानाको सूची तयार गर्ने र खाने समय तालिका बनाउने।
- खानाको सूची अनुसार सफा, स्वादिष्ट खाना तयार गर्ने र अशक्त, विरामी र सुत्केरीको स्याहार गर्ने,
- भान्सा र सुरक्षावास सम्बन्धी वार्डेनले दिएको जिम्मेवारी पुरा गर्ने।
- सुरक्षा आवासको सरसफाई तथा रेखदेख गर्ने आदि।

## अनुसूची- ८

## (दफा १९को उपदफा(३) सँग सम्बन्धित)

## <u>पारिबारिक पुनर्मिलनका लागि पिडितको जिम्मा बुझेको कागज</u>

बेलका नगरपालिका द्वारा सञ्चालित यस अल्पकालिन सुरक्षा आवास गृहमा मिति ....................देखि आश्रय लिइ बस्दै आउनु भएकि मेरो ..........नाता पर्ने ..........जिल्ला,...........गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ......स्थाइ ठेगाना भएकी बर्ष....की ..........लाई मिति .................गतेका दिन मिति ..................गते भित्र यस कार्यालयमा पुनः फिर्ता ल्याइदिने गरी पारिबारिक पुनर्मिलनका लागि आफु सँगै लिएर गएको कुरा ठिक साँचो हो ।उल्लिखित अवधिभित्र कार्यलय समयमा म स्वयंले नै निजलाई यस कार्यलयमा फिर्ता ल्यइ बुझुउने गरी मेरो नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखि यो कागज गरिदिएको छु ।

जिम्मा बुझ्ने पिडितका नजिकका संरक्षकको

नाम थरः

स्थायी ठेगानाः

पिडितसँगको नाताः

हस्ताक्षरः

यसै कागजसाथ पिडितलाई निजको संरक्षक..............नाता पर्ने ...........का साथ पारिबारिक पुनर्मिलनका लागि मिति .........गतेभित्र फिर्ता ल्यइसक्ने गरी बुझाएको छ ।

गृह प्रमुखको नामथरः

हस्तक्षरः

कार्यलयको छापः

रोहवर

नामथरः

पदःवार्डेन

कार्यालयः बेलका नगरपालिका अल्पकालिन सुरक्षा आवास

हस्ताक्षरः

## पारिवारिक पुनर्मिलन पश्चात पिडितलाई पुनः स्थापना गृहमा जिम्मा लगाएको कागज

बेलका नगरपालिका द्वारा सञ्चालित यस अल्पकालिन सुरक्षाआवास गृहमा मिति................देखि आश्रय लिइ बस्दै आउनु भएकी मेरो ..............नाता पर्ने.............जिल्ला, ...........गा.पा./न.पा/उ.म.न.पा./म.न.पा. वडा नं. .....स्थाइ ठेगाना भएकी वर्ष ....कि............लाई मिति .............गतेका दिन मिति ...........गते भित्रमा यस कार्यालयमा पुनः फिर्ता ल्याइदिने गरी पारिवारिक पुनर्मिलनका लागि आफुसँगै लिएर गएकोमा पारिवारिक पुनर्मिलन पश्चात तोकिएको मिति ..........गतेका दिन यस कार्यालयमा फिर्ता बुझाइ यो कागज गरिदिएको छु ।

जिम्मा बुझाउने पिडितका नजिकका संरक्षकको

नाम थरः

स्थायी ठेगानाः

पिडितसँगको नाताः

हस्ताक्षरः

यसै कागजसाथ पिडितलाइ निजको नजिकको संरक्षक ...........नाता पर्ने ....ले पारिबारिक पुनर्मिलन पश्चात यस कार्यालयमा आज मिति ........... गते फिर्ता ल्याइ बुझाएको कुरा ठिक साचो हो ।

गृह प्रमुखको नाम थरः

हस्ताक्षरः

कार्यालयको छापः

रोहवर

नामथरः

पदःवार्डेन

कार्यालयः बेलका नगरपालिका अल्पकालिन सुरक्षा आवास

हस्ताक्षरः

## अनुसुची-९

### (दफा २०को उपदफा (३) सँग सम्बन्धित)

### अल्पकालिन सुरक्षा आवास गृहमा आउने आगन्तुकहरुका लागि अवलोकनका शर्तहरु

आज मिति .............गतेका दिन म यस सुरक्षा आवाशगृहको अवलोकनका लागि गृह प्रमुखको अनुमति लिएर आएकोमा यस गृहको अवलोकन गर्दा गृहमा आश्रय लिइ वसेका पिडितहरुको सुविधा, गोपनियता र सहजतालाइ ख्यालमा राखी देहाय बमोजिमका शर्तहरुको पालना गर्नेछुः-

१. सुरक्षा आवासगृहमा आश्रय लिइ बसेका पिडितहरुको अधिकार मेरो अवलोकनको उद्धेश्य भन्दा महत्वपुर्ण रहेकोमा म पुर्णतः सहमत छु ।

२. यस सुरक्षा आवासगृहमा आश्रय लिइ बसेका पिडितहरुको परिस्थतिलाइ म सम्मान गर्नेछु र सम्बेदनशिलतापुर्वक लिनेछु ।

३. पिडितहरुको गोपनियतालाइ ख्याल गर्दै सुरक्षा आवासगृह तथा पिडित स्वयंको अनुमति विना पिडितहरुको पहिचान खुल्नेगरि एकल वा सामुहिक फोटो खिच्ने तथा छापा वा श्रव्यदृश्य माध्यममा कुनै पनि समाचार,आलेख तथा विचार प्रकाशन तथा प्रसारण गर्ने छैन ।

४. यस सुरक्षा आवाशगृहको अवलोकन मैले गृहसँग भेटघाटको अनुमति लिँदाका बखत खुलाएको उद्धेश्यका लागि मात्र गर्नेछु ।

५. यस सुरक्षा आवासगृहमा आश्रय लिइ वसेका पिडितहरुलाई नकारात्मक असर पर्ने गरी बोलिवचन वा व्यवहार वा अन्य कुनैपनि कुराहरु गर्ने छैन ।साथै पिडितहरुलाइ कुनैपनि झुठ्ठा आश्वाशन देखाउने छैन ।

६. पीडितहरुसँग कुराकानिका क्रममा उनिहरुले भोगेका शोषण तथा उत्पिडितका सम्बन्धमा पिडितहरुलाइ जवरजस्ति अनुभब व्यक्त गर्न लगाउने प्रयास गर्ने छैन ।

७. पिडितहरुको सुरक्षामा जोखिम आउने वा आउन सक्ने सम्भाबना देखिएमा मैले तयार पार्ने प्रतिवेदन कहिँकतै प्रकाशन वा प्रसारण गर्ने छैन ।

८. यस पुनाःस्थापना गृहमा आश्रय लिइ बसेका पिडितहरुलाइ बाहिर कँहिकतै घुमाउन लैजान प्रस्ताब गर्नेछैन ।

९. भेटघाटको अवधिमा र यसपछिपनि सुरक्षा आवासगृहले तोकेको गोपनियताको सिद्धान्तलाइ म पुर्ण रुपले कदर र पालना गर्नेछु ।

आगन्तुकको नाम थर र ठेगानाः

पेशाः

पद र संस्थाः

हस्ताक्षरः

## अनुसूची -१०

## (दफा २१ को उपदफा (१)सँग सम्बन्धित)

<u>पिडितको अभिलेख सम्बनधि विभिन्न प्रकारका खाताहरुको ढाँचा</u>

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

**रामपुर, उदयपुर**

| सि.नं | दर्ता मिति | पिडितको नाम थर,ठेगाना | उमेर | शैक्षिक योग्यता | पिडितसँग सम्बन्धित घटना/मुद्दा | सिफारिसगर्ने निकाय (स्थानिय तह/अल्पकालिन सुरक्षा आवास/OCMCभएका अस्पताल | बालबालिका साथमा भए सङ्ख्या | नजिकको संरक्षकको | | पिडितको प्रकार(बालबालिका/जयेस्ठ नागरिक,अपाङ्गता भएका व्याक्ति,दलित,आदिवासि जनजाति वा अन्य) | पिडितलाइ पुनःस्थपना गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नाम थर | सम्पर्क नं. | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

<u>पिडित दर्ता किताब</u>　　　　किताब नं.१

## पीडितको पुनः स्थापना/रेफर गरिएको अभिलेख किताव

| सि.नं | पीडितको नाम थर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना/मुद्धा | पुनःस्थापना/रेफर गरिएको मिति | सिफारिसगर्ने निकाय (स्थानिय तह/अल्पकालिन सुरक्षा आवास/OCMC भएका अस्पताल | पुनस्थापना गरिएको स्थान | | जिम्मा बुझ्ने परिवारका सदस्यको | | रोहवरमा बस्नेको नामथर, ठेगाना, पद, कार्यालय | | पिडितको साथमा बालबालिका समेत भए | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालय वाट | पीडितको ठेगानामा पुगेर | नाम थर | पीडितसँगको नाता/सम्पर्क नं. | नामथर ठेगाना | पद र कार्यालय /सम्पर्क नं. | संख्या | उमेर | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

# पीडितलाई प्रदान गरिएको सेवाको अभिलेख किताव

| सि.नं | पीडितको नाम थर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना/मुद्दा | **प्रदान गरिएको सेवा** | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लत्ताकपडा | | मनोविर्मश सेवा | कानुनी सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार | सीप विकास तालिम | |
| | | | | साधारण | जाडो | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## संरक्षकको जिम्मा बुझाईएको वा संस्थागत स्याहारमा पठाइएका पाँच वर्ष भन्दा माथिका बालबालिकाको अभिलेख किताव

| सि.नं | बालबालिकाको | | | अभिभावकको | | अभिभावकसँग सम्बन्धित घटना/मुद्धा | संरक्षकको जिम्मामा पठाइएको | | | संस्थागत स्याहारमा पठाइएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | उमेर | लिङ्ग | नाम थर | ठेगाना | | जिम्मा बुझ्ने संरक्षकको नाम | बालबालिकासँग निजको नाता | मिति | संस्थाको नाम ठेगाना | मिति | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**अनुसूची -११**

**(दफा २३ को उपदफा (३)सँग सम्बन्धित)**

मासिक र वार्षिक प्रतिवेदनको ढाँचा

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

**रामपुर, उदयपुर।**

**वि.स.............साल..........महिनाको पीडित र बालबालिकाको संख्या जनाउने मासिक प्रतिवेदन**

| पीडितको विवरण | गत महिना सम्मको | यस महिना सम्मको | जम्मा | आश्रित बालबालिकाको विवरण | गत महिना सम्मको | **यस महिनाको** | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पीडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनःस्थापना/रेफर गरिएका पीडित | | | | संस्थागत स्याहारमा पठाइएका वा अभिभाकसँगै पुनःस्थापना/रेफर गरिएका बालबालिका | | | |
| बाँकी रहेका पीडित | | | | बाँकी रहेका बालबालिका | | | |

तयार गर्ने

नाम थरः

पदः

दस्तखत

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

वि.स. ...........साल.........महिनाको पीडितलाई प्रदान गरिएको सेवाको मासिक प्रतिवेदन

| | मनोविमर्श सेवा | कानुनि परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार सेवा | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | |
| यस महिनाको | | | | | |
| **जम्मा** | | | | | |

(द्रष्टव्यः प्रत्येक पटक उपलब्ध गराएको सेवाको लागि एक पटक मानी कति पटक त्यस्तो सेवा उपलब्ध गराएको हो सो संख्या उल्लेख गर्ने)

तयार गर्ने

नाम थरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नाम थरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

वि.स………….साल…….महिनाको घटनाका आधारमा पिडितको प्रकार उल्लेख भएको मासिक प्रतिवेदन

| | जवरजस्ति करणी | जवरजस्ती करणी उद्दोग | ज्यान सम्वन्धी | मानव बेचविखन तथा ओसार पसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नाम थरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नाम थरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

वि.स...........साल.........महिनाको पिडितहरुको मासिक समूहगत वर्गीकरण प्रतिवेदन

| | बालबालिका | ज्येष्ट नागरिक | अपाङ्ग भएका व्याक्ति | दलित | आदिवासि जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

वि.स............साल.........महिनाको शैक्षिक योगयताको आधारमा पीडितहरुको मासिक समूहगत वर्गीकरण प्रतिवेदन

| | निरक्षर | सामान्य साक्षर | आधारभुत शिक्षा उतिर्ण | विद्धालय शिक्षा उतिर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

<u>तयार गर्ने</u>

नाम थरः

पदः

दस्तखतः

<u>प्रमाणित गर्ने</u>

नाम थरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

आ.व............को पिडित  बालबालिकाको संख्या जनाउने वार्षिक प्रतिवेदन

| पिडितको विवरण | गत वर्षको | यस वर्षको | जम्मा | आश्रित बालबालिकाको विवरण | गत वर्ष सम्मको | यस वर्षको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पिडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनःस्थापना गरिएका पिडित | | | | संरक्षकको जिम्मा लगाएका,संस्थगत स्यहारमा पठाएका वा अभिभावकसँगै पुनःस्थापना गरिएका बालबालिका | | | |
| बाँकि रहेका पिडित | | | | बाँकि रअका बालबालिका | | | |

तयार गर्ने

नाम थरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नाम थरः

पदः

दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

आ.व..........को पिडितलाई प्रदान गरिएको सेवाको वार्षिक प्रतिवेदन

| | मनोविमर्श सेवा | कानूनी परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार सेवा | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | |
| यस वर्षको | | | | | |
| जम्मा | | | | | |

| तयार गर्ने | प्रमाणित गर्ने |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

| | जवरजस्ती करणी | जवरजस्ती करणी उद्धोग | ज्यान सम्बन्धी | मानव बेचबिखन तथा ओसार पसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

आ. व................को घटनाका आधारमा पीडितको प्रकार उल्लेख भएको वार्षिक प्रतिवेदन

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

वि.स...............सालको पिडितहरुको वार्षिक समूहगत वर्गीकरण प्रतिवेदन

| | बालबालिका | ज्येष्ट नागरिक | अपाङ्गता भएका व्याकती | दलित | आदिवासी | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने | प्रमाणित गर्ने

नाम थरः | नाम थरः

पदः | पदः

दस्तखतः | दस्तखतः

**बेलका नगरपालिका**

**बेलका नगरकार्यपालिकाको कार्यालय**

**अल्पकालिन सुरक्षा आवास गृह**

रामपुर, उदयपुर

<u>वि.स...............सालको शैक्षिक योग्यताको आधारमा पिडितहरुको वार्षिक समूहगत वर्गिकरण प्रतिवेदन</u>

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्धालय शिक्षा उतिर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

<u>तयार गर्ने</u>

नाम थरः

पदः

दस्तखतः

<u>प्रमाणित गर्ने</u>

नाम थरः

पदः

दस्तखतः

अनुसूची- १२

(दफा २७ सँग सम्बन्धित)

<u>**अल्पकालिन सुरक्षा आवास गृहको छापको नमुना**</u>

**बेलका नगरपालिका**

**नगरकार्यपालिकाको**

अल्पकालिन सुरक्षा आवास गृह
रामपुर, उदयपुर।

# अल्पकालिन सुरक्षा आवास गृहको लेटरप्याडको नमुना

बेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## अल्पकालिन सुरक्षा आवास गृह

रामपुर, उदयपुर

२०७७

पत्र संख्याः कोशी प्रदेश, नेपाल

चलानी नं. मितिः